नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालयको

# करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना

सूचना नं. २, मिति : २०८३/०५/२५

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा स्थायी पदपूर्ति भएमा स्वतः हट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.११ बमोजिम बढीमा एक वर्षका लागि करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्राधिकरणको website: caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **माग गरिएको पदको विवरणः** वि.नं. ००२/०८३/८४ (करार) सेवाः प्राविधिक, समूहः ए.फा.स.,तहः चौथो, पदः सहायक

२. **माग पद संख्याः** ९

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थावाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी नागरिक उड्डयनसँग सम्वन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्वन्धी आधारभूत तालिम प्राप्त।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०५/३१

५. **परीक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता ।

६. **लिखित परीक्षाको मितिः** २०८३/०६/०१ गते विहान ८:०० बजे ।

७. **लिखित परीक्षाको पाठ्यक्रमः** सेवा सम्बन्धी १०० पूर्णाङ्कको लिखित परीक्षा संचालन हुनेछ। साथै पाठ्यक्रम प्राधिकरणको Website https://caanepal.gov.np/ बाट हेर्न सकिनेछ।

८. **परीक्षा केन्द्रः** नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, सिनामंगल ।

९. **दरखास्त दस्तुरः** रु. ६००।- (छ सय) ।

१०. **अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः** प्राधिकरणको website मा रहेको Online Job Application प्रणालीमा आफूले चाहेको विज्ञापन छनौट गरी Apply Now Click गर्ने र सो पश्चात User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ । रीत नपुगी पेश भएका दरखास्त फाराम जुनसुकै बेला रद्द गर्न सकिनेछ ।

११. **उमेरको हदः** पुरुषको हकमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।
महिलाको हकमा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।

१२. **काम गर्नुपर्ने स्थानः** प्राधिकरण अन्तर्गतका विमानस्थल कार्यालयहरु ।

१३. **तलब सुविधाः** प्राधिकरणको नियम अनुसार ।

१४. दरखास्त फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्ताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र, आफूले प्राप्त गरेको उद्धार तथा अग्नी निवारण सम्बन्धी आधारभूत तालिमका प्रमाणित प्रतिलिपिहरुका साथै विज्ञापनसँग सम्बन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गर्नुपर्नेछ ।

१५. विदेशी वोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

१६. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको फोन नं ०१ ५७१८००० (Ext २३० ) मा बुझ्न सकिनेछ ।